आज मिति २०७७।३।०६ गतेका दिन यस दार्मा गाउँपालिकाका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा कार्यपालिका बैठक प्रारम्भ गरियो ।

उपस्थिति

(१) श्री निम बहादुर के.सी. अध्यक्ष
(२) श्री टिका शर्मा बली - उपाध्यक्ष
(३) श्री वसुन्धरा पुन - प्रमुख प्रशासकीय अधिकृत
(४) श्री कवि कुमार चन्द - वडा अध्यक्ष दार्मा-१
(५) श्री डिल्ली बहादुर के.सी. ,, ,, २
(६) श्री रतिराम रोकाहा ,, ,, ३
(७) श्री चन्द्रबहादुर रावत ,, ,, ४
(८) श्री राम बहादुर केसी ,, ,, ५
(९) श्री दुर्गा बहादुर मल्ल ,, ,, ६
(१०) श्री अस्ता कामी कार्यपालिका सदस्य
(११) श्री सन्तराम कामी ,, ,,
(१२) श्री मञ्जु शाही ,, ,,
(१३) श्री जुनामल्ल चन्द ,, ,,
(१४) श्री देवी खत्री ,, ,,
(१५) श्री धनिराम नेपाली ,, ,,
(१६) श्री जित बहादुर बली खरिदार
(१७) श्री लाल बहादुर बली ,,
(१८) श्री दामोदर बस्नेत वडा सचिव

## प्रस्तावहरु

(१) आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा।

(२) रकम विनियोजन सम्बन्धमा।

(३) एम्बुलेन्सको ड्राइभर सम्बन्धमा।

(४) सहयोग सम्बन्धमा।

(५) शिक्षा विकास शाखाको प्रस्ताव सम्बन्धमा।

(६) विपद् व्यवस्थापन कोषमा रकम थपगर्ने सम्बन्धमा।

(७) आर्थिक सहयोग सम्बन्धमा।

निर्णयहरु

(१) प्रस्ताव नं. १मा छलफल गर्दा यस दार्मा गाउँपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम गाउँसभामा पेश गर्ने गरी सर्वसम्मतिले पारित गरियो ।

(२) प्रस्ताव नं २मा छलफल गर्दा चालु आ.व.मा निम्न काम गर्ने गरी तपसिल बमोजिम बजेट विनियोजन गर्ने गरी सो रकम स्थानिय सञ्चित कोषबाट खर्च गर्ने निर्णय पारित गरियो ।

तपसिल

(क) अगाउरे डाँडापिपल सिंचाई कुलो मर्मत रु ३ लाख

(ख) त्रिवेणी स्वास्थ्य चौकी मर्मत रु १लाख ८०हजार थप

(ग) भिरखर्क झाकला शिर्षकलाई अमेलिम मोड खोल्ने

पुनेपढेर रु ५लाख (शिर्षक परिवर्तन मात्र)

(घ) दार्मा गाउँपालिकाको गिटी क्रसरको रु २लाख ८०हजार

(ङ) जनज्योति मा.वि. विशेष अनुदान रु ३लाख

(च) पशुपंक्षी फर्म जग्गा भाडा रु ५० हजार

(छ) ह्युमपाइप खरिद रु ५लाख

(ज) गाउँसभा सञ्चालनका लागि हलको मर्मत तथा रंगरोगत र कार्यालय व्यवस्थापनको लागि रु २लाख

(झ) इजलास निर्माण तथा व्यवस्थापन २लाख ५०हजार थप

(ञ) जेनेरेटर खरिद रु ३लाख ५०हजार

(ट) चालु खर्चको कर्मचारी तलब भत्ता शिर्षकबाट बैठक भत्ता शिर्षकमा रु४लाख ५०हजार र इन्धन (कार्यालय प्रयोजन) शिर्षकमा रु ३लाख थप गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.(३) प्रस्ताव नं. ३मा छलफल गर्दा रातामाटा स्वास्थ्य चौकीको एम्बुलेन्सको ड्राइभर स्वास्थ्य व्यवस्थापन समितिलाई विधि प्रक्रिया अनुसार नियुक्ति गरी भर्ना गर्न दिने निर्णय पारित गरियो ।

नि.नं.(४) प्रस्ताव नं. ४मा छलफल गर्दा जिल्ला खेलकुद विकास समितिलाई रु२५ हजार सहयोग दिने निर्णय पारित गरियो ।

नि.नं.(५) प्रस्ताव नं.५मा छलफल गर्दा शिक्षा विकास शाखाको प्रस्ताव बमोजिम तपसिल बमोजिम निर्णय पारित गर्ने निर्णय पारित गरियो ।

तपसिल

(क) सूर्योदय सामुदायिक सिकाई केन्द्र गोठीवनलाई नविकरण गर्ने निर्णय गरियो।

(ख) सूर्योदय मा.वि. गोठीवनलाई प्राप्त प्रदान गरिएको नि.मा.वि. शिक्षक अनुदानलाई विज्ञान प्रयोगशाला सहायक अनुदानमा परिणत गर्ने।

(ग) जनशिशु प्रा.वि. कयनपानी दार्मा -४ लाई प्रदान गरिएको प्रा.वि. शिक्षक अनुदान भर्ना नगर्ने भनी जानकारी भएकोले उक्त दरबन्दी भएको कमल प्रा.वि. कमलपोखरीलाई अनुदान रकम उपलब्ध गराउने निर्णय पारित गरियो।

नि.नं. (६) प्रस्ताव नं. ६ मा छलफल गर्दा विपद व्यवस्थापन कोषमा रु २ लाख विनियोजन गर्ने निर्णय पारित गरियो।

नि.नं (७) प्रस्ताव नं ७ मा छलफल गर्दा दार्मा गा.पा. ६ बस्ने मुटु रोगी श्री बम बहादुर कामीलाई रु १५,०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो।